# व्यास नगरपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४

**सभाबाट पारित मितिः २०७४।३।२६**

१. **वस्तुगत विवरण (Profile) तयार गर्ने**

व्यास नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा सहभागितामुलक प्रक्रियाबाट नतिजामुलक ढंगले गर्नेछ । योजना र बजेट तर्जुमा गर्नु पूर्व व्यास नगरपालिकाको भौगोलीक, सामाजीक आर्थिक तथा पुर्वधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी बस्तुगत विवरण (Profile) तयार गरिने छ । वस्तुगत विवरणको आधारभुत ढाचा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरे बमोजीम हुनेछ । सो ढाचामा व्यास नगरपालिकाले आबश्यकता अनुसार थप विवरण समावेश गरि परिमार्जन गर्न सक्नेछ । वस्तुगत विवरण अध्यावधिक गरि आफ्नो Website मार्फत सार्बजनिक गर्नु नगरपालिकाको कर्तब्य हुनेछ ।

२. **वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा**

व्यास नगरपालिकाले आगामी आर्थिक वर्षको लागी वार्षिक वजेट तथा कार्यक्रम कानूनमा मिति तोकिएकोमा सोहि मितिमा र अन्य अवस्थामा आर्थिक वर्ष शुरु हुनु अगावै तर्जुमा गरी सभाबाट स्वीकृत गरिनेछ । वजेट तथा कार्यक्रम तर्जुमाको लागि देहाय बमेजिमका समितिहरु रहने छन् ।

२.१ **राजस्व परामर्श समिति**

२.१.१ नेपालको संविधान र प्रचलित कानूनको अधिनमा रहि व्यास नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामि आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि देहाय बमोजिम एक राजस्व परामर्श समितिको गठन हुनेछ ।

| | |
|---|---|
| क) नगरपालिकाको उपप्रमुख | -संयोजक |
| ख) नगर कार्यपालिकाको कार्यकारी अधिकृत | -सदस्य |
| ग) नगर कार्यपालिकाले तोकेको एक महिला सहित २ जना सदस्य | -सदस्य |
| घ) स्थानीय उद्योग वाणिज्य संघका प्रमुख वा प्रतिनिधि | -सदस्य |
| ङ.) स्थानीय नेपाल चेम्बर अफ कमर्शका प्रमुख वा प्रतिनिधि | -सदस्य |
| च) नगर कार्यपालिकाको राजस्व विभाग शाखा प्रमुख | -सदस्य सचिव |

समितिले राजस्व, वजेट तथा लेखा क्षेत्रमा दक्षता भएका ब्यास नगरपालिका क्षेत्र भित्रका दुइ जना विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**२.१.२ राजस्व परामर्श समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) राजस्व सम्बन्धि नीति तथा कानून तर्जुमा, संसोधन,परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।

ख) राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने ।

ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने ।

घ) स्थानीय उद्योग तथा ब्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्बन गर्न परामर्श दिने ।

ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरी सिफारिस गर्ने ।
च) राजस्व प्रशासन सुधारका लागी अन्य आवश्यक सुझाबहरु पेश गर्ने

## २.२ श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

२.२.१ व्यास नगरपालीकामा प्राप्त हुन सक्ने कुल आयको प्रक्षेपण र सोको सन्तुलीत वितरणको खाका तय गर्न स्थानीय तहमा देहायबमोजिमको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन हुनेछ ।

क) नगर कार्यपालिकाका प्रमुख -संयोजक
ख) नगर कार्यपालिकाका उपप्रमुख -सदस्य
ग) नगरपालिकाका कार्यकारी अधिकृत -सदस्य
घ) प्रमुखले कार्यपालिका सदस्यहरु मध्येबाट तोकेको महिला, दलित वा अल्पसख्यकबाट प्रतिनिधित्व हुने गरी बढिमा ३ जना -सदस्य
ङ) नगरपालिकामा योजना हेर्ने शाखा प्रमुख -सदस्य सचिव

२.२.२ श्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) आन्तरिक आय, राजस्व वांडफाडबाट प्राप्त हुने आय, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने ।
ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरि प्रक्षेपित स्रोत साधनको सन्तुलीत वितरणको खाका तय गर्ने ।
ग) आगामी आर्थिक बर्षको लागि श्रोत अनुसारको आधारमा बजेटको कुल सिमा निर्धारण गर्ने ।
घ) बिषय क्षेत्रगत बजेटको सिमा (Ceiling) निर्धारण गर्ने ।
ङ) संघिय प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अबस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका अधार तय गर्ने ।
च) बिषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने ।
छ) श्रोत अनुगमन तथा बजेट सिमा निर्धारण सम्बन्धी स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

## २.३ बजेट तथा कार्यक्रम तर्जुमा समिति

२.३.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तयार भएको आयको प्रक्षेपण र बितरणको खाकामा आधारित भई नेपालको संबिधानको धारा २३० बमोजि स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न दोहाय बमोजिमको समिति गठन हुनेछ ।

(क) नगर कार्यपालिकाको उपप्रमुख -संयोजक
(ख) बिषयगत क्षेत्र हेर्ने नगर कार्यपालिकाका सदस्यहरु ६ जना -सदस्य
(ग) नगर कार्यपालिकाको कार्यकारी अधिकृत -सदस्य सचिव

२.३.२ बजेट तथा कार्यक्रम तर्जूमा समितिकिो काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आगामी आ.व. को नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने ।
(ख) श्रोत अनुगमन समितिले दिएको बजेट सीमाभित्र रहि बजेट तथा कार्यक्रममो प्राथमिकिकरण गर्ने ।
(ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषयगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी नगर कार्यपालिकामा पेश गर्ने ।

(घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिन व्यवस्था मिलाउने तथा योजना कार्यक्रम बीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्ने ।

ङ) बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अरुन्य कार्यहरु गर्ने

## ३. योजना/आयोजना तर्जुमा तथा प्राथमिकिकरणका आधारहरुः-

नगरपालिकाले योजना/आयोजना तथा बजेट तर्जुमा गर्नु पुर्व योजना/आयोजना छनौट र प्राथमिकिकरणको आधार पर मापदण्ड तयार गर्नुपर्नेछ । यस्तो आधार र मापदण्ड तयार गर्दा बस्ति/टोलस्तर, वडास्तर र नगरपालिकास्तरका छुट्टा छुट्टै मापदण्ड र आधार तोक्ने सकिने छ । यस्ता आधार मापदण्ड तय गर्दा सामान्यतया निम्न विषयहरु समावेश गरिने छ ।

### ३.१ योजना तर्जुका आधारहरुः

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारीको सूची
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- नेपालको संबिधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग,
- वातावरण संरक्षण सम्बन्धि नीतिहरु, धारा ५९ को आर्थिक अधिकार भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारवाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतिकरणको प्रतिवेदन
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्वन गरेको आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्वताहरु,
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु,
- स्थानीय तहका आबधिक योजनाहरु, क्षेत्रगत नीति, रणनीति, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका सामाजिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलबायु परिवर्तन र बिपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैगिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जा संकत लगायतका अन्तर सम्बन्धि विषयहरु,
- स्थानीय तहको मध्यकालिन खर्च संरचना (MTEF) अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु,

### ३.२ आयोजना/कार्यक्रम प्राथमिकिकरणका आधारहरुः

- आर्थिक विकास र गरिबी निबारणमा प्रत्यक्ष योदान पुचाउने,
- उत्पादन मुलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने)
- राजश्व परिचालमा योगदान पुचाउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुचाउने,
- स्थानीय श्रोत साधानमा आधारित भई जनसहभागितका अभिबृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि हुने ।
- दिगो विकास, बातावरण संरक्षण र बिपद व्यवस्थापनमा योगदान पुचाउने,

- समुदायलाई विपद तथा जलबायु परिबर्तत उत्थानशिल (Resillence) बाउने,
- स्थान विशेषको संस्कृती र पहिचान प्रबर्द्धन गर्ने ।
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

४. **<u>बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया</u>**

व्यास नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न चरणहरुको अवलम्बन गरिने छ ।

४.१ संघ तथा प्रदेशबाट बित्तिय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने ।

४.१.१ व्यास नगरपालिकाले प्रत्येक वर्ष संघीय/प्रदेश सरकारवाट वित्तिय हस्तान्तरणको खाका तथा मार्गदर्शन प्राप्त गरी उक्त खाका, मार्गदर्शन एवं स्थानीय श्रोत साधान समेतको आधारमा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नेछ ।

४.२ **<u>श्रोत अनुमान र कुल बजेट सीमा निर्धारणः</u>**

४.२.१ राजश्व परामर्श समितिले राजश्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आमामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्नेछ ।

४.२.२ श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आवको बजेटको कुल सीमा, विषय क्षेत्रगत बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार र मार्गदर्शन तय गरी स्वीकृतीको लागि नगर कार्यपालिकामा पेश गर्ने छ ।

४.२.३ बिषयक्षेत्रगत सीमा निर्धारण गर्दा समपुरक कोष, लक्षित समुह विकास, आथिक सामाजिक तथा पुर्वाधार विकास र प्रवर्द्धनात्मक कार्यक्रमहरुको लागि निश्चित रकम छुट्याउन सकिनेछ ।

४.२.४नगर कार्यपालिकाले विषयक्षेत्रगत बजेट सीमा, मार्गदर्शन तथा प्राथमिकिकरणका आधारमा स्विकृत गरी वडा तहमा पठाउने ।

४.२.५ वडा समितिले प्राप्त विषयक्षेत्रगत सिलिङ र मार्गदर्शनमा छलफल गर्ने, वडा अन्तर्गतका वस्तिहरुमा योजना छनौटको मोडालिटी तयार गर्ने,बस्तीहरुमा योजना छलफलको मिति तय गरी सूचना गर्ने ।

४.३ **<u>बस्ती/टोल स्तरबाट कार्यक्रम छनौटः</u>**

४.३.१ वडा समितिले बस्तीस्तरको कार्यक्रम छनौट ढांचा तय गर्दा वडा भित्रिका वस्तीहरुलाई भौगलीक अवस्थिती, जनसंख्या, यातायातको सुबिधा लगायतका आधारमा क्लस्टर निर्माण गरि सबै नागरिकलाई योजना छनौटको बस्ती स्तरीय भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४.३.२ बस्ती/ टोलस्तरको कार्यक्रम छनौटका लागि वडा सदस्यको नेतृत्वमा टोली परिचालन गर्नु पर्नेछ ।

४.३.३ वस्ती/ टोलस्तरको कार्यक्रम छनौट गर्दा बालबालिका, महिला, आदिबासी/ जनजाती, मधेसी, दलित, अपाङ्ग, सीमान्तकृत, पिछडावर्ग लगायत सवै समुदायको अर्थपुर्ण उपस्थिति हुने व्यावस्था मिलाउनु पर्नेछ ।

४.३.४ वस्ती/ टोल स्तरको कार्यक्रम छनौटमा नागरिक समाजका संस्थाहरु,महिला/ आमा समुहहरु, बालक्लवहरु, स्थानीय गैर सकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्थाहरुको सक्रिय सहभागिता गराउनु पर्नेछ ।

४.३.५ वस्तीस्तरमा छनौट भएकाहरुको कार्यक्रमहरुको सूची तयार गरि वडा समितिमा पेश गर्नु पर्नेछ ।

४.४ **<u>वडा स्तरीय कार्यक्रमहरुको प्राथमिकिकरणः</u>**

४.४.१ वडा समितिले नगरपालिकावाट प्राप्त कार्यक्रमहरुको प्राथमिकिकरण मापदण्डको आधारमा टोल/बस्तीस्तरबाट प्राप्त कार्यक्रमहरुलाई विषयक्षेत्र समेत छुट्याई प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिस गरी पठाउनु पर्नेछ ।

४.४.२ वडा समितिले बस्तिस्तरबाट माग नभएका तर नगरस्तरमा महत्वपुर्ण देखिएका कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्राथमिकिकरणको सूचीमा राखी पठाउन सक्नेछ ।

## ४.५ बजेट तथा कार्यक्रम तर्जूमाः

४.५.१ बजेट तथा कार्यक्रम तर्जूमा समितिले वडा समितिबाट प्राथमिकिकरण भई आएका कार्यक्रमहरु तथा नगरस्तरमा संचालन गर्न आवश्यक देखिएका कार्यक्रम समेतका आधारमा विषयक्षेत्रगत सूची तयार गर्नुपर्नेछ ।

४.५.२ विषयक्षेत्रगत सूची तयार गिर्दा देहाय बमोजिम क्षेत्र छुट्याउनु पर्नेछः

(क) आर्थिक विकासः- कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तिय क्षेत्र ।

(ख) सामाजिक विकासः- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैगिक समानता तथा सामाजिक समावेशीकरण ।

(ग) पूर्वाधार विकासः- सडक तथा पुल (झोलुंगे पुल समेत) सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (बैकल्पिक उर्जा समेत), संचार ।

(घ) वातावरण तथा विपद व्यवस्थापनः बन तथा भु-संरक्षण, जलाधार संरक्षण, बातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन sanitary Land Fill Sites जल उत्पन्न प्रकोप नियन्त्रण, बिपद व्यवस्थापन, बारुण यन्त्र संचालन ।

(ङ) संस्थागत विकास तथा सेवा प्रवाहः मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पुर्वाधार, नागरिक वडापत्र तथा टोक प्रणाली, सेवा प्रबाहका मापदण्ड,प सेवा प्रबाहमा विद्युतीय सुचना प्रबिधिको प्रयोग ।

(च) बित्तीय व्यवस्थापन र सुशासनः लेखांकन, राजश्व परिचालन, बित्तिय अनुशासन, बित्तिय जोखिम न्युनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा बेरुजु फर्छ्यौट, सुचना तथा संचार व्यवस्थापन ।

४.५.३ आयोजना तथा कार्यक्‌महरुको विषयगत सुची माथि छलफलको लागि विषयगत क्षेत्र हेर्ने सदस्यको संयोजकमा नगर सभाका कम्तिमा १ जना महिला तथा दलित सदस्य। सम्बन्धित विषय हेर्ने शाखा प्रमुख समेत रहने गरी छ सदस्यीय कार्य समुह गठन गरि समुहगत छलफलको व्यवस्था मिलाउनु पर्नेछ । यस्तो कार्यसमुहको सदस्य सचिव बजेट तथा कार्यक्रम समितिले तोकेको सम्बन्धित विषय हेर्ने शाखा प्रमुख रहनेछन ।

४.५.४ विषयगत कार्य समुहले निम्न पक्षहरुलाई समेत मध्यनजर गर्दै कार्यक्रमको प्राथमिकिकरण गर्नु पर्नेछ ।

(क) नगर कार्यपालिकाले तय गरेको आयोजना/ कार्यक्रम प्राथमिकिकरण मापदण्ड र आधार ।

(ख) आयोजनाहरुको संचालनको संभाव्यता, प्राविधिक क्षमता र बजेट सीमा ।

(ग) आयोजना/कार्यक्रम हुन सक्ने दोहोरोपना, अन्तर विषयगत परिपुरकता र अन्तरसम्बन्ध ।

४.५.५ विषयगत कार्य समुहले विषयक्षेत्रगत छलफलमा सम्बन्धित विषयका विज्ञ वा क्षेत्रका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

४.५.६ विषयगत कार्य समुहवाट छलफल भई प्राथमिकिकरण भएका आयोजना/कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्विकृतीको लागि नगर कार्यपालिकामा सिफारिस गर्नेछ ।

४.५.७ बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयोजना/ कार्यक्रम सिफारिस गर्दा खर्च व्यहोर्ने श्रोत किटान भएका तथा बजेट सुनिश्चित भएका आयोजना/ कार्यक्रमहरु मात्र पेश गर्नु पर्नेछ ।

४.५.८ बजेट तथा कार्यक्रम समितिले बजेट तथा कार्यक्रम पेश गर्दा देहाय बमोजिमका बिबरणहरु समेत तयार गरी पेश गर्नुपर्नेछ । विबरण तयार गर्ने ढांचा अनुसूचिहरुमा संलग्न भए बमोजिम हुनुपर्नेछ ।

(क) आगामी वर्षको लागि प्रस्तावित राजश्व/करका दरहरु ।

(ख) व्यास नगरपालिकाको वार्षिक नीति तथा/ कार्यक्रम ।

(ग) नगरपालिकाको गत आवको यथार्थ, चालू आवको संसोधित अनूमान र आगामी आवको अनुमानित आय व्ययको विवरण ।

(घ) नगरपालिकाको बार्षिक विकास कार्यक्रम (आयोजना/कार्यक्रमको विवरण)

(ङ) विनियोजन विधेयक

(च) आर्थिक विधेक

## ४.६ <u>नगर कार्यपालिकाको बैठकवाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।</u>

४.६.१ बजेट तथा कार्यक्रम तर्जूमा समितिलेपेश गरेको नीति तथा कार्यक्रम वार्षिक विकास कार्यक्रम र बजेट नगर कार्यपालिकामा छलफल गरि स्विकृत गर्नु पर्नेछ ।

४.६.२ यसरी स्विकृत नीति तथा कार्यक्रम बजेट र वार्षिक विकास कार्यक्रम बजेट तथा कार्यक्रम तर्जूमा समितिको संयोजकले नगर सभामा तोकिएको मितिमा बजेट भाषण मार्फत पेश गर्नेछ ।

## ४.७ <u>नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति ।</u>

४.७.१ नगर कार्यपालिकाले पेश गरेको नीति, कार्यक्रम र बजेत उपर नगर सभामा दफाबार छलफल गरि बहुमतले पारित गर्नेछ ।

४.७.२ यसरी पारित भएका नीति, कार्यक्रम र बजेट कार्यान्वयनको लागि नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने ।

४.७.३ नगर कार्यपालिकाको कार्यालयले यसरी प्राप्त भएको नीति कार्यक्रम र बजेटको कार्यान्वयनको समयतालिका समेत तयार गरी कार्यान्वयमा लैजानेछ ।

## ५. <u>गैर सरकारी संस्था तथा निजी क्षेत्रको सहकार्यमा संचालन हुने योजना कार्यक्रम सम्बन्धी व्यवस्था</u>

**५.१** व्यास नगरपालिकामा कार्यक्रम संचालन गर्न चाहने गैर सरकारी संस्थाहरुले कार्यक्रम संचालन गर्नू पूर्व नगर सभावाट कार्यक्रम पारित गर्नेछ ।

**५.२** गैर सरकारी संस्थाले कार्यक्रम संचालनको प्रस्ताव नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । नगर कार्यपालिकाको कार्यालयले यस्तो प्रस्तावलाई बजेट तथा कार्यक्रम समितिमा पठाई सम्बन्धित विषयक्षेत्रगत समितिहरुमा छलफल गर्ने व्यवस्था मिलाउनेछ ।

**५.३** निजी क्षेत्रका संस्थाहरुसंगको सहकार्यमा संचालन हुने कार्यक्रम संचालन गर्नु पूर्व नगर सभाबाट कार्यक्रम पारित गराउनु पर्नेछ ।

## ६. <u>बजेट तथा कार्यक्रम कार्यान्वयन, अनुगमन र मुल्यांकन</u>

६.१ बजेट तथा कार्यक्रमको कार्यान्वयन ।

६.१.१ नगर सभावाट वार्षिक कार्यक्रम तथा बजेट स्विकृत भए पछि नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम कार्यान्वयन योजना तयार गर्नेछ ।

**६.१.२** कार्यान्वयन कार्ययोजना तयार गर्दा कार्यान्वयनको ढांचा (Modality) समय सीमा कार्यान्वयन गर्ने जिम्मेवारी निकाय वा पदाधिकारी, अनुगमन मुल्यांकनको मापदण्ड र प्रकिया समेत तोकिनेछ ।

**६.१.३** आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद एने लगायत प्रचलित कानूनको अधिनमा रहि गरिनेछ ।

**६.२** बजेट तथा कार्यक्रमको अनुगमन र मुल्यांकन

**६.२.१** नगरपालिकाले संचालित आयोजनाहरुको नियमित अनुगमनको व्यवस्था मिलाउने ।

**६.२.२** अनुगमन गर्दा स्पष्ट नतिजा सूचक सहितको अनुगमन फारम तयार गरि प्रयोग गर्नेछ ।

**६.२.३** योजना प्रगती समिक्षाको लागि नगर प्रमुखको अध्यक्षतामा वढिमा ७ जनाको स्थानीय विकास समस्या समाधान समिति गठन गर्नुपर्नेछ । यस्तो समितिको बैठक कम्तीमा वर्षको ३ पटक वस्नेछ ।

**६.२.४** नगरपालिकाहरुले आयोजना/परियोजनाको अनुगमन, सुपरिवेक्षण र मुल्यांकनको लागि विभिन्न समितिहरु गठन गर्न सक्नेछन ।

**६.२.५** अनुगमन मुल्यांकन सम्बन्धी अन्य व्यवस्थाको बारेमा नगर कार्यपालिकाले आवश्यक कार्यविधी तयार गर्न सक्नेछन् ।

## ७. विविधः

### ७.१ राजश्व तथा खर्च शिर्षकको प्रयोगः

व्यास नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम बनाउदा नेपाल सरकारले तोके बमोजिमका राजश्व तथा खर्चका शिर्षकहरुको प्रयोग गर्नेछ ।

| क.सं. | कार्य विवरण | आ.व.२०७४/०७५ | अन्य आ.व.हरुको लागि | कै. |
|---|---|---|---|---|
| १ | संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्ग दर्शन प्राप्त गर्ने | असार २ | असार २ | |
| २ | श्रोत अनुमान र कुल बजेट सिमा निर्धारण | असार ४ | बैशाख ३० | |
| ३ | वस्ती/टोल स्तरबाट योजना छनौट | असार १८ | जेठ १५ | |
| ४ | वडा स्तरीय योजना प्राथमिकीकरण | असार १९ | जेठ २५ | |
| ५ | बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम तयारी | असार २४ | असार १५ | |
| ६ | नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने | असार २५ | असार १५ | |
| | नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृत | असार ३० | असार ३० | |